सहकारी वृतमा हाम्रो किसान : समृद्ध समाज एउटै अभियान
डि.स.का. दर्ता नं. ०२१/०५८/०५९

# किसान कल्याण
## बचत तथा ऋण सहकारी संस्था लि.
## KISHAN KALYAN SAVINGS & CREDIT CO-OPERATIVE SOCIETY LTD.

Website: www.kishankalyan.org.np
इटहरी-१६, सुनसरी
✆ 025-587160
E-mail: kisansunsari@gmail.com

NEFSCUN ACCESS SILVER

# डिजिटल बैङ्किङ सेवा आवेदन फाराम

Service Center (सेवाकेन्द्र):________________ Date (मिति):________________

I/We request you to provide us below mentioned service offered by Kishan Kalyan Savings & Credit Co-operative Ltd.

म/हामीलाई किसान कल्याण बचत तथा ऋण सहकारी संस्थाबाट तल उल्लिखित विवरणअनुसारको सेवा सुविधा प्रदान गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

☐ Mobile Banking (मोबाइल बैङ्किङ) ☐ ATM Card (ए.टि.एम. कार्ड)

| | |
|---|---|
| Applicant's Name (BLOCK LETTERS) | |
| निवेदकको नाम (देवनागरीमा) | |
| Account Number (खाता नं.) | |
| Mobile Number (मोबाइल नं.) | |
| E-mail (इमेल) | |
| Member No. (सदस्यता नं.) | |

## Mobile Banking (मोबाइल बैङ्किङ)

Applicaton for: आवेदनको किसिम: ☐ New नयाँ ☐ Number Change नं. परिवर्तन ☐ ADD Account अतिरिक्त खाता ☐ Service Modification सेवा बदल्न ☐ Reset Password रिसेट पासवर्ड

Existing Mobile Number (हालको मोबाइल नं.) ________

New Account Number (नयाँ खाता नं.) ________

Required Service: आवश्यक सेवा: ☐ Mobile Banking (SMS only) मोबाइल बैंकिङ्ग (एस.एम.एस.) ☐ Mobile Banking (SMS & Fund transfer) मोबाइल बैङ्किङ (एस.एम.एस./रकमान्तर)

## ATM Card (ए.टि.एम. कार्ड):

Application for: आवेदनको किसिम : ☐ New नयाँ ☐ Replacement प्रतिस्थापन ☐ Repin रि-पिन

Card Type : कार्डको प्रकार : Debit डेबिट ☐

## To replace card (कार्ड प्रतिस्थापनको लागि)

Current Card Number (हालको कार्ड नम्बर) ________

Reason of Replacement (प्रतिस्थापनको कारण)________________________________

---

मैले/हामीले ए.टि.एम. सेवा अन्तर्गत, कार्ड/पिनको सुविधा प्राप्त गरेको छु/छौं ।
I/We acknowledge the receipt of Card/Pin facility under ATM service.

Card (कार्ड) ☐ PIN (पिन) ☐

Authorized Signature & Stamp : ______________________ Date:____________________
(आधिकारिक हस्ताक्षर र छाप)

---

For Bank Use only: (कार्यालय प्रयोजनको लागि मात्र)

Entered by: (पेश गर्ने) Approved by: (स्वीकृत गर्ने)

## सर्त तथा बन्देजहरू

**सामान्य सर्तहरू (General Terms):**

१. सेवा शुल्क तथा अन्य दस्तुरहरू संस्थाले समयसमयमा तोकेअनुसार भुक्तानी गर्नुपर्नेछ । शुल्क तथा अन्य दस्तुरहरू तथा सेवासँग सम्बन्धित जानकारीहरू सेवाकेन्द्र वा संस्थाको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।
२. सदस्यले डिजिटल बैङ्किङ प्रणालीको प्रयोग संस्थाको प्रचलित नियम, विनियम तथा प्रचलित कानुनको अधिनमा रही गर्नुपर्नेछ ।
३. सदस्यहरूलाई सूचित गरी वा नगरी, डिजिटल बैङ्किङ सुविधालाई नवीकरण गर्ने, रद्द गर्ने, वा कारोबार आदेशलाई कार्यान्वयन गर्ने वा नगर्ने हक सधैं संस्थासँग निहित हुनेछ ।
४. सदस्यले संस्थाको खातामा अभिलेख गरेका रेकर्डहरूलाई सदैव स्वीकार गर्नुपर्नेछ । सो अभिलेख सदस्यका लागि जुनसुकै प्रयोजनका लागि निर्णायक र बाध्यकारी हुनेछ ।
५. डिजिटल बैङ्किङ प्रणली मार्फत गरिएका कारोबार शङ्कास्पद लागेमा संस्थाले अस्विकार गर्न सक्नेछ साथै अन्य सेवालाई रोक्का/निलम्बन समेत गर्न सक्नेछ ।
६. डिजिटल बैङ्किङ प्रणलीबाट गरिएको सम्पूर्ण कारोबारको जिम्मेवारी सदस्य स्वयम्को हुनेछ ।
७. तोकिएका सेवा शुल्क तथा अन्य शुल्कहरू संस्थाले समयसमयमा परिवर्तन गर्न सक्नेछ । संशोधित नयाँ सेवा शुल्क तथा अन्य दस्तुरहरू सम्बन्धित जानकारीहरू सेवाकेन्द्र वा संस्थाको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ र संशोधित नयाँ सेवा शुल्क सेवा प्रयोगकर्ताबाट असुल उपर गरिनेछ ।
८. संस्थाको सेवा शुल्क तथा अन्य दस्तुरबाहेक उपयुर्क्त सेवा प्रदायक नेटवर्क सर्भिस कम्पनी/संस्था वा अन्य कुनै तेस्रो पक्षले डिजिटल बैङ्किङ सेवा प्रयोग गरेवापतको शुल्क परिवर्तन गरेमा सो थप शुल्क प्रति पनि सदस्यहरू जिम्मेवार हुनुपर्नेछ ।
९. संस्थाले सेवा प्रयोगको समय तोक्ने वा परिवर्तन गर्न सक्नेछ । यसरी तोकेको समय पश्चात् संस्थामा सदस्यबाट कुनै निर्देशन/सूचना प्राप्त भए अर्को कार्य दिनमा प्राप्त भएको मानिनेछ ।
१०. यदि सदस्यको निर्देशनभन्दा भिन्न रूपमा संस्थाले कार्य गरेको थाहा पाएमा सोको ३० दिनभित्र सदस्यले संस्थालाई जानकारी गराउनुपर्नेछ । अन्यथा संस्थाले गरेको कार्यलाई सदस्यद्वारा स्वीकार गरिएको मानिनेछ ।
११. कुनै विवाद उत्पन्न भएमा यसमा उल्लिखित सर्त तथा व्यवस्थाअनुसार हुनेछ र यसमा उल्लेख नभएको हकमा प्रचलित नेपाल कानुनअनुसार हुनेछ ।
१२. उपलब्ध सेवाहरू कुनै पनि समयमा विस्तार गर्ने, परिमार्जन गर्ने र घटाउन सक्ने अधिकार संस्थामा निहित रहेको छ ।
१३. डिजिटल बैङ्किङ सेवाद्वारा कारोबार सम्पन्न भएमा वा/निर्देशन प्राप्त भएमा संस्थाले अनलाइन सूचना/जानकारी पत्र वा सोको पुष्टि (कन्फरमेसन) उपलब्ध गराउनेछ । यस्तो जानकारी पत्र वा पुष्टि (कन्फरमेसन) संस्थाले सम्प्रेषण/प्रवाह गरेपछि तुरुन्त सदस्यलाई प्राप्त भएको मानिनेछ र प्राप्त जानकारी पत्र वा पुष्टि (कन्फरमेसन) को निरीक्षण गर्नु सदस्यको कर्तव्य हुनेछ । यदि सदस्यको जानकारी पत्र वा पुष्टि (कन्फरमेसन) समयमा प्राप्त गर्न नसकेकोमा संस्थासँग सोधपुछ गर्नु सदस्यको कर्तव्य हुनेछ ।
१४. डिजिटल बैङ्किङ सेवाको प्रयोग गर्ने क्रममा सदस्य वा अन्य कुनै व्यक्तिद्वारा यस्तो सेवा उपयोग वा अन्य कुनै जानकारी/सूचनामा पहुँच राखी उत्पन्न हुने परिणामको लागि सदस्य पूर्ण रूपमा जवाफदेही हुनेछ । उक्त कार्यहरूबाट सिर्जित सबै दायित्वहरू, दाबीहरू, माग, नोक्सानी, लागत खर्चहरू, शुल्कहरू संस्थाका सम्बन्धित अधिकृत वा कर्मचारीहरूले जानीजानी डिफल्ट गरेको प्रमाणित भएको अवस्थामा बाहेक सदस्यले संस्थालाई क्षतिपूर्ति ब्यहोर्नुपर्नेछ ।
१५. सदस्यले संस्थालाई लिखित जानकारी दिई प्रयोग गरेको सेवा खारेज गर्न सक्नेछ ।
१६. खाता बन्द गरेमा, खातावालाको मृत्यु भएमा, प्रयोगकर्ताले डिजिटल बैङ्किङ सुविधा बन्द गर्न निवेदन दिएमा, सदस्यले सर्त र बन्देजहरूको उल्लङ्घन गरेमा, नवीकरण वापत लाग्ने शुल्क सदस्यले खातामा नराखेमा सेवाहरू समाप्त भएको मानिनेछ र संस्थालाई तुरुन्त सेवा बन्द गर्ने अधिकार हुनेछ ।
१७. व्यक्तिगत रूपमा बुझाएका, सञ्चार, हुलाकद्वारा प्रेषित, फ्याक्स मिसिनद्वारा सम्प्रेषित, टेलेक्स वा इमेलद्वारा सदस्यले संस्थालाई उपलब्ध गराएको ठेगानामा संस्थाद्वारा प्रेषित सूचना तथा पत्रहरू सदस्यलाई पुगेको मानिनेछ ।
१८. उल्लिखित सर्त तथा बन्देजहरू सहकारी विभाग तथा नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशनहरूसँग बाझिन गएमा सहकारी विभाग/नेपाल राष्ट्र बैङ्कको निर्देशनबमोजिम नै हुनेछ ।
१९. प्रचलित नेपाल कानुन, सहकारी विभाग तथा नेपाल राष्ट्र बैङ्कद्वारा समयसमयमा जारी भएका/हुने निर्देशनहरू संशोधन गर्न आवश्यक भएमा यी सर्त तथा व्यवस्थाहरू संशोधन गर्न सकिनेछ ।

### मोबाइल बैङ्किङ सेवा प्रयोग गर्ने सदस्यहरूका लागि :

१. विद्युतीय बैङ्किङ प्रणाली केवल व्यक्तिगत प्रयोजनका लागि मात्र हो । यो हस्तान्तरण गर्न पाइने छैन । यसको प्रयोग केवल संस्थाले तोकेको प्रयोजनका लागि मात्र गरिनेछ ।
२. सदस्यले संस्थाबाट सुरक्षाका लागि दिइएका गोप्य नाम, पिन, पासवर्ड, आदि गोप्य राख्नुपर्नेछ । यदि आफ्ना गोप्य जानकारीहरू कतै-कसैको जानकारीमा आएको थाहा भएमा तुरुन्त संस्थालाई लिखित जानकरी गराई नाम, पिन, पासवर्ड, परिवर्तन गर्नुपर्नेछ । यसबाट हुने हानि नोक्सानीमा संस्था जिम्मेवार हुनेछैन ।
३. संस्थालाई उपलब्ध गराइएको मोबाइल नं. (परिचय कोड) परिवर्तन भएमा वा उक्त मोबाइल नं. प्रयोग नभएमा संस्थालाई तुरुन्तै सूचना गर्नुपर्नेछ । यदि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मोबाइल नं. को दुरुपयोगको कारणबाट वा अन्य कारणबाट जुनसुकै तवरले वा जेसुकै कारणले कुनै हानि नोक्सानी वा खर्चहरू भएमा सोका लागि संस्था जिम्मेवार हुनेछैन ।
४. विद्युतीय बैङ्किङ प्रणलीबाट गरिएको सम्पूर्ण कारोबारको जिम्मेवारी सदस्यको हुनेछ । यस्ता कारोबार गर्दा उत्पन्न हुन जाने दायित्वको भार सदस्य स्वयम्ले बहन गर्नुपर्नेछ ।

### ए.टि.एम. कार्ड (Card) सेवा प्रयोग गर्ने सदस्यहरूका लागि

१. संस्थाको कार्ड प्राप्त गर्न यस संस्थाको सदस्य भई ऐच्छिक खाता भएको हुनुपर्नेछ ।
२. विद्युतीय वा अन्य तरिकाबाट कार्डको प्रयोग वापत लाग्ने शुल्क सम्बन्धित (आधिकारिक) खाताबाट डेबिट/खर्च गरिनेछ ।
३. एटिएमबाट भएको कारोबार पुष्टि गर्न खातावालाको डेबिट/खर्च लेख्ने छुट्टै अख्तियारी आवश्यक पर्नेछैन । विद्युतीय वा अन्य संस्थाको अभिलेख (रेकर्ड) लाई कारोबारको प्रमाण मानिनेछ ।
४. सदस्य र संस्थाबीच भएको पूर्व सहमतिबाहेक सम्बन्धित खाताबाट बढी रकम झिक्न सकिनेछैन । तर यदि कार्ड प्रयोग गरी बढी रकम झिकेमा संस्थाले निर्धारण गरेको व्याजदर र अन्य महशुल (शुल्क) र खर्चहरू कार्डधारकबाट असुल उपर गरिनेछ । बैङ्कले मागेको बखत यस्तो रकम (बढी रकम) फिर्ता गर्नुपर्नेछ ।
५. संस्थाले असल नियत र विश्वासले कार्ड जारी गरेको अवस्थामा जारी कार्ड तथा सोको प्रयोगबाट उत्पन्न हुने सम्पूर्ण नोक्सानीहरू, दावी कार्यहरू, प्रकृयागत खर्चहरू, लागत तथा अन्य खर्चहरूको हर्जना कार्डधारक सदस्य स्वयम्ले व्यहोर्न मञ्जुर गर्दछ ।
६. कार्डको प्रयोग गरी कार्ड धनी सदस्यले नगद झिक्न सक्ने सीमा तोक्ने अधिकार संस्थामा निहित रहनेछ ।
७. जारी कार्ड संस्थाको सम्पत्ति रहनेछ र कार्डधारक सदस्यलाई कार्डमा दिएको सेवा सुविधा संस्थाले कुनै पनि समयमा विना सूचना फिर्ता लिन सक्नेछ । कार्ड संस्थाको सम्पत्ति भएकाले आफ्नो स्वतन्त्र र स्वविवेकीय अधिकारमा रही कुनै कारण दिई वा नदिई संस्थाले कार्ड फिर्ता लिन सक्नेछ वा कार्डबाट भएका सेवाहरू वा त्यस्तो सेवाका कुनै भाग कुनै पनि समयमा पूर्व जानकारी नदिई फिर्ता लिन सक्नेछ । संस्थाले कार्ड फिर्ता गर्न अनुरोध गरेमा सदस्यले कार्ड फिर्ता गर्नु पर्नेछ ।
८. खाता बन्द गरेमा, कार्ड धनी सदस्यको मृत्यु भएमा, संस्थाले जुनसुकै कारणले कार्ड रद्द गरेमा कार्डको मान्यता समाप्त भई कार्ड फिर्ता लिने हक अधिकार संस्थामा निहित हुनेछ ।
९. संस्थाले उपलब्ध गराएको कार्डको पिन (PIN) सुरक्षित राख्नुपर्ने छ । उक्त पिन सुरक्षित नराखेको कारण कुनै नोक्सानी, क्षति वा खर्चहरू जेसुकै उत्पन्न भएमा संस्था जिम्मेवार हुने छैन ।
१०. कार्ड पिन (PIN) अन्यलाई देखाउने /प्रकट गर्न पाइने छैन । कार्डको प्रयोगद्वारा भएका सबै कारोबारहरूका लागि कार्डधारक जिम्मेवार हुनेछ र कार्ड वा पिन (PIN) को अनधिकृत प्रयोग हुनु भन्दा पूर्व कार्डधारकको आधिकारिक प्रयोग भएको कुरा स्थापित हुन्छ र कार्ड वा पिन (PIN) को कुनै क्षति/नोक्सानी वा चोरी भएको लिखित सूचना संस्थाले प्राप्त नगरेमा कार्ड वा पिन (PIN) को जोसुकैको अनधिकृत प्रयोगबाट उत्पन्न हुने नोक्सानी र क्षतिको जिम्मेवार स्वयम् सदस्य हुनेछन् । उक्त कार्यबाट संस्थालाई कुनै हानि नोक्सानी भएमा उक्त क्षतिपूर्ति तिर्न सदस्य मञ्जुर गर्दछ ।
११. कार्डको हकमा सबै अधिकार संस्थामा निहित रहनेछ । यदि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै एटिएम वा कार्डको दुरुपयोग तथा मेसिनमा रकम अभावको कारणबाट वा अन्य कारणबाट समेत जुनसुकै तवरले वा जेसुकै कारणले कुनै क्षति वा नोक्सानी वा खर्चहरू भएमा सोका लागि संस्था जिम्मेवार हुने छैन ।
१२. कार्ड धनीले लिखित रूपमा अनुरोध गरेमा कार्डको अवधि समाप्त भएपश्चात् संस्थाले नवीकरण वापत लाग्ने दस्तुरहरू सदस्यको खाताबाट डेबिट/खर्च गरी नयाँ कार्ड उपलब्ध गराउनेछ ।
१३. यदि आदेश गरिएको कार्ड ६० दिन भित्र कार्ड बुझी नलिएमा उक्त कार्ड रद्द गरी संस्थाको नियम बमोजिम लाग्ने दस्तुर असुल उपर गरिनेछ ।
१४. कार्डधारकलाई सेवा सुचारु गरिएको जानकारी भएको छ र यसको दुरुपयोगबाट हुन सक्ने सम्पूर्ण नोक्सानी, क्षति, हर्जना, खर्च वा व्यय प्रति संस्थालाई कुनै दाबी गर्ने छैन भनी मञ्जुर गर्दछु ।

सदस्यको आधिकारिक दस्तखत

..............................